# धुलिखेल नगरपालिका

काभ्रेपलाञ्चोक, बागमती प्रदेश

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ४ मितिः २०७६/११/१५

भाग १

## धुलिखेल नगरपालिका नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७६

नगर सभाबाट पारित मितिः२०७६/११/११

प्रमाणिकरण मितिः२०७६/११/१५

## प्रस्तावना

नगर क्षेत्रभित्र शान्ति, सुव्यवस्था तथा अमनचयन कायम गर्नको लागि नगर प्रहरी सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ के दफा १०२ के उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी, नगरपालिका स्थापनाको चौतिसौं वर्षमा धुलिखेल नगर सभाले यो "नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन", २०७६ बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "ऐन" भन्नाले "नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७६" सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले धुलिखेल नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम " भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

(च) "विपद्" भन्नाले मानवीय जोखिम हुने अवस्थाको आगलागी, बाढी, पहिरो, भुकम्पीय जस्ता प्राकृतिक विपत्तिको अवस्था सम्झनु पर्दछ ।

(छ) “नगरपालिका” भन्नाले धुलिखेल नगरपालिका सम्झनु पर्दछ ।

(ज) “नगर प्रहरी” भन्नाले दफा ७ बमोजिम नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(झ) “नगर सभा” भन्नाले धुलिखेल नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(ञ) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

(ट) “समिति” भन्नाले दफा १२ बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठन** : (१) स्थानीय सेवा अन्तर्गत नगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

**४. नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :** १) नगर प्रहरीमा नगर सभाले तोकेको पद र तह रहने छन ।

२) कार्यालयले नगर प्रहरी सेवाका प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

## परिच्छेद – ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**५. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(२) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(५) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयनगराउने,

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,

(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना,

(९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(१०) छाडा चौपायको नियन्त्रण,

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२) सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी सम्बन्धित शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत

समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्ने व्यवस्था मिलाउने ।

(१८) सार्वजनिक स्थल आसपासमा भएका खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(२०) नगरक्षेत्र भित्रका पेशा व्यवसाय गर्न ईजाजत लिए नलिएको जाँच्ने र विना इजाजत पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता तथा नवीकरण गर्न लगाउने ।

(२१) धुलिखेल नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(२२) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा तोकिए बमोजिम सुरक्षा व्यवस्था मिलाउने ।

(२३) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२४) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२५) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा प्रचलित कानुन विपरित हुने जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२६) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२७) सार्वजनिक रुपमा वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोगमा नियन्त्रण गर्ने ।

(२८) उद्योग धन्दा सञ्चालनबाट अनावश्यक रुपमा ध्वनी, धुवा, प्रकाश तथा अन्य कुनै प्रकारका हानिकारक बस्तु निस्कासनमा नियन्त्रण गर्ने ।

(२९) दमकल Fire Brigade सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने ।

(३०) घरधुरीबाट निष्काशन हुने दिशाजन्य पदार्थ खुला ढलमा मिसाउने कार्यको पुर्ण रुपमा नियन्त्रण गर्ने ।

(३१) नगरपालिका अन्तर्गतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३२) नगर क्षेत्र भित्र हुने सार्वजनिक निर्माण कार्यमा हुने बाधा ब्यवधान नियन्त्रण गर्ने ।

(३३) नगरपालिकामा आउने विशिष्ठ अतिथि तथा उच्च पदस्थ अधिकारीहरुको सुरक्षा ब्यवस्थाको प्रवन्ध गर्ने ।

(३४) संघिय तथा प्रादेशिक सुरक्षा निकायहरुसंग समन्वय गरि नगरको सुरक्षा ब्यवस्था मिलाउने ।

(३५) नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद – ४

## तह विभाजन र पदपूर्ति

**६. नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृया :** (१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको विवरण तयार गरी नगर सभामा पेश गर्नुपर्नेछ ।

(२) पेश गर्दा श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गर्नु पर्नेछ ।

**७. नगर प्रहरीहरुको नियुक्ति आधारहरुः** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

(क) नगर प्रहरी निरिक्षक (अधिकृत छैठौं) - शतप्रतिशत बढुवा

(ख) नगर प्रहरी सहायक निरीक्षक (सहायक पाचौं) -५०/५० खुला बढुवा

(ग) नगर प्रहरी सहायक (सहायक चौथो) - ६०/४० खुला बढुवा

(घ) नगर प्रहरी जवान सहयोगी (श्रेणी विहिन) -सत तिशत खुला

८. **नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

९. **शपथ ग्रहण :** (१) नगर प्रहरीले अनुसूची १ को ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

१०. **खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति :** (१) नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये नगरपालिकाको जनसंख्याको अनुपात बमोजिम हुने गरी देहायबमोजिमका समुहमा प्रतिशत निर्धारण गरिनेछ ।यसरी प्रतिशत निर्धारण गर्दा प्रत्येक समुहबाट ३३ प्रतिशत महिलालाई छुट्याई बाँकि तत् समुहको खुला रुपमा प्रतिस्पर्धा गराउनु पर्नेछ ।

(क) आदिबासी जनजाति

(ख) ब्राम्हण, क्षेत्री, ठकुरी, दशनामी

(ग) दलित

(२) उल्लेखित समुदायको पहिचान र प्रमाणीकरण सम्बन्धी व्याख्या प्रचलित संघीय कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) उप दफा (१) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाता (फ्रयाक्सन) आएमा त्यस्तो घाताङ्ग जुन समुदायको हकमा आएको हो सो भन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(४) उप दफा (१) बमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या अन्य समुहको वरियता क्रममा सारेर सोही विज्ञापनबाट पूर्ति गरिनेछ ।

११. **नगर प्रहरीको योग्यता:** (१) नगर प्रहरी पदको योग्यता देहाय बमोजिम हुनेछः

(क) दरखास्त लिने अन्तिम मितिमा १८ वर्ष उमेर पुरा भई र २४ वर्ष ननाघेको । तर संघिय सरकारको सुरक्षा निकायको अवकास प्राप्त व्यक्तिको हकमा ४५ वर्ष ननाघेको ।

(ख) नगर प्रहरी सहायक निरीक्षक पदको लागि स्वीकृत विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण, नगर प्रहरी सहायक र नगर प्रहरी पदको एस.एल.सी वा सो सरह र जवानको हकमा ८ कक्षा उतिर्ण गरेको ।

(ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

(ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(छ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ञ) नेपाली नागरिक ।

१२. **पदपूर्ति समिति :** (१) नगर प्रहरी पदपूर्तिको लागि देहाय बमोजिमको समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा आठौ तहको अधिकृत – अध्यक्ष,

(ख) कार्यपालिकाको विषयगत समितिले तोकेको कम्तीमा स्नातक विज्ञ – सदस्य,

(ग) योजना तथा प्रशासन महाशाखा प्रमुख – सदस्य सचिव

समितिमा संघीय वा प्रादेशिक प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि तथा नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

१३. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यविधिको बुँदा १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिने छ ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी सूचना प्रकासित गर्नु पर्नेछ ।

**१४. योग्यताक्रम सूची तयार गर्ने :** (१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिसम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) उप दफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नगर कार्यपालिकाले नियुक्तिसम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) उप दफा (२) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१५. जेष्ठताक्रम कायम गर्ने :** (१) नगर प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१६. परीक्षणकालमा राखिने :** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ ।

(२) उपदफा (१) बमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति सम्झौता गर्ने अधिकारीले अवकाश दिनेछ ।

(३) परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा तथा नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा निजको नियुक्ति स्वतः सदर भएको मानिनेछ ।

(४) परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

## परिच्छेद – ५

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

**१७. नगरपालिकाको प्रशासकीय नियन्त्रण रहने :** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्था बाहेकका विषयमा नगर प्रहरी प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

**१८. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने :** नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

**१९. कारवाही गर्दा परामर्श लिने :** कुनै पनि प्रहरी कर्मचारीलाई अनुशासनको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिइनेछ ।

## परिच्छेद – ६

## विदा

**२०. विदा अधिकारको विषय होइन** : (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको औचित्य हेरी विदा स्वीकृत गर्ने अधिकारीले आवश्यक परेमा विदा स्वीकृत गर्नसक्नेछ ।आवश्यक परेमा विदा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिम का विदा पाउनेछन :

(क) भैपरी आउने र पर्व विदा

(ख) किरिया विदा

(ग) प्रसुती विदा

(घ) सट्टा विदा

(ङ) प्रसुति स्याहार विदा

(च) विरामी विदा

(छ) घर विदा

**२१. विदा स्वीकृत नगराई अनुपस्थित हुन नहुने :** (१) प्रहरी कर्मचारीले विदा स्वीकृत नगराई अनुपस्थित हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिम अनुपस्थित रहेमा वा गैह्र हाजिर रहने नगर प्रहरी कर्मचारीलाई विभागीय कारवाही हुनेछ ।तर विदाको निकास नहुँदै विदा बसी पछि गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मानिने छैन ।

**२२. भैपरी वा पर्व विदा :** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी वा पर्व विदा पाउने छ ।

(२) भैपरी वा पर्व विदा साधारणतः एक पटकमा २ दिनमा नबढाइ लिन पाइने छ ।

(३) भैपरी वा पर्व विदा सञ्चित हुने छैन ।

(४) मौखिक जानकारीका आधारमा पनि भैपरी वा पर्व विदामा बस्न सकिनेछ ।

(५) भैपरी वा पर्व विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव,भत्ता पाउनेछ ।

(६) भैपरी वा पर्व विदा लिएको बखत सार्वजिनक विदा परेमा सो विदा गणना हुनेछैन ।

**२३. किरिया विदा :** (१) नगर प्रहरी कर्मचारी आफैं किरियामा बस्नु परेमा वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाईपनि दिइनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब,भत्ता पाउनेछ ।

**२४. प्रसुति विदा :** (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसुति विदा पाउनेछ ।

(२) प्रसुति विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब,भत्ता पाउनेछ ।

(३) प्रसुति विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

(४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक गरी राख्नुपर्नेछ ।

**२५. प्रसुति स्याहार विदा :** (१) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी वढीमा पन्ध्र दिन प्रसुति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

(२) प्रसुति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

(४) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले नवजात शिशुको जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

५) प्रसुति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

**२६. सट्टा विदा :** कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा तीन दिनभन्दा वढी हुने छैन ।करार सेवामा नियुक्त नगर प्रहरी सेवाका कर्मचारीहरुको हकमा करारनामामा उल्लेख भए अनुसारको विदा मात्र पाउनेछ ।सट्टा विदा सञ्चित हुने छैन ।

**२७. विरामी विदा :** नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी विदा विदा पाउने छ ।

**२८. घर विदाः** (१) नगर प्रहरी कर्मचारीले वर्षभरिमा ३० दिनमा नबढाई घर विदा पाउने छ ।

(२) घर विदा साधारणत: एक पटकमा २ दिनमा नबढाइ लिन पाइने छ ।

(३) घर विदा बढिमा १८० एकसय असी दिन सञ्चित हुनेछ ।

(४) घर विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता पाउनेछ ।

(५) घर विदा लिएको बखत सार्वजनिक विदा परेमा सो विदा गणना हुनेछैन ।

२८. **विदा दिने अधिकारीः (**१) देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :

(क) भैपरी आउने र पर्व विदा – प्रशासन शाखा प्रमुख

(ख) किरिया विदा – प्रमुख प्रशासकीय अधिकृत

(ग) प्रसुति विदा – प्रमुख प्रशासकीय अधिकृत

(घ) सट्टा विदा – प्रमुख प्रशासकीय अधिकृत

(ङ) प्रसुति स्याहार विदा – प्रमुख प्रशासकीय अधिकृत

(छ) विरामी विदा – प्रमुख प्रशासकीय अधिकृत

(ज) घर विदा– प्रमुख प्रशासकीय अधिकृत

२९. **विदा परिणत नहुने :** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसुति विदा बाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

३०. **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

३१. **झुठो कारण देखाएमा सजाय हुने :** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विदा वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

**३२. तालिम अवधिको विदा :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा, प्रसुति विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

## परिच्छेद ७

## आचरण

**३३. दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**३४. चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**३५. सम्पत्तिको विवरण दिनुपर्ने:** (१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

(ग) सम्पत्ति विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(घ) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

३६. **व्यापार व्यवसाय गर्न नहुने:** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृति बिना देहायका काम गर्नु हुँदैन:

(क) कुनै व्यापार गर्न

(ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

३७. **नगरपालिकाको काममा थाहा पाएका कुराह प्रकाशन गर्न नहुने :** नगर प्रहरी कर्मचारीले अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा नगरपालिकाबाट वा अन्य संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा स लन गरेको कुनै कागजपत्र वा समाचार प्रत्य वा अप्रत्यक्ष रुपबाट अन्य अनधिकृत व्यक्तिलाई अथवा सञ्चार माध्यमलाई जानकारी दिन हुँदैन ।

३८. **रेडियो वा पत्रिका वा सामाजिक सञ्जालको माध्यमसँग सम्पर्क राख्न नहुने :** नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिका रेडियो टेलिभिजन वा सामाजिका सञ्जालमा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशन वा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

३९. **नगरपालिकाको आलोचना :** नगर प्रहरी कर्मचारीले नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरवासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचनाको माध्यमबाट आलोचना गर्नु हुँदैन ।

४०. **निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

४१. **राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

४२. **समय पालन र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको स्वीकृती नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

४३. **अनुशासन र आज्ञापालन :** (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी विषयमा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकता साथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्नेछ ।

४४. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी विषयमा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

४५. **विवाह सम्बन्धी व्यवस्थाः** नगर प्रहरी कर्मचारीले प्रचलित कानुन विपरित हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद – ८

## सजाय र पुनरावेदन

**४६. सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

३. तलव वृद्धि रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा नगरपालिकाको सेवामा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा नगरपालिकाको सेवामा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**४७. नसिहत दिने वा शारीरिक थकान हुने सजाय :** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजलाई शारीरिक थकान हुने सजाय दिइनेछ ।यस्तो सजायँ नगरपालिकाको सार्वजनिक निर्माण सम्बन्धी कार्य समेत हुन सक्नेछ छ ।

**४८. तलब वृद्धि वा पदोन्नति रोक्ने :** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**४९. दर्जा र तलब घटाउने** : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पदमा घटुवा गर्न सक्ने वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा राख्न सक्ने र नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएको खण्डमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) पटक पटक सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहीन कार्य गरेमा,

(ग) आचरणसम्वन्धी कार्यविधि उल्लंघन गरेमा,

(ङ) दिएको आदेश निर्देशन पालना नगरेमा,

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

**५०. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा

(ख) राजनीतिमा भाग लिएमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा, तर अभियोग दायर भएको मितिबाट अदालतबाट फैसला नहुँदा सम्म स्वतः निलम्बनमा रहने छ ।

(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाइ मादक पदार्थ सेवन गरी हिडेमा वा  जथाभावी गरेमा

(च) भ्रष्टाचार गरेमा

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

(ज) आचरण सम्वन्धी नियमहरु बराबर उल्ल न गरेमा

(झ) मनासिव कारण नभई वा विदा नलिई ३० दिन भन्दा वढी विदा वसेमा वा गैरहाजिर भएमा ।

**५१. सजाय सम्बन्धी कार्यविधि :** (१) नगर प्रहरी कर्मचारीलाई सजाय  गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ । सेवाबाट हटाउने र वर्खास्त गर्ने सजाय नगरकार्यपालिकाले गर्नेछ ।

(२)नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिंदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको

हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस ऐन बमोजिमको कार्यविधिको रीत पुर्याउनु पर्ने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसंग समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(४) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ । तर

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

**५२. सजायको आदेश दिने:** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**५३. सेवाको अन्त गर्ने :** (१) कुनै नगर प्रहरी कर्मचारीलाई स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहर्याएमा निजको सेवा अन्त्य हुनेछ । यसरी सेवा अन्त्य गर्न यस ऐन बमोजिमको कार्यविधि पूरा गरिरहनु पर्नेछैन ।

(२) तर यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा खटिएको बखत दुर्घटनामा परी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र निजले ३ वर्षसम्म खाईपाई आएको पूरा तलब भत्ता पाउनेछ ।

(३) नगर प्रहरी कर्मचारीको अशक्तताको निर्धारण सिफारिस गर्न देहायबमोजिम का समिति रहने छ:

(क) स्वास्थ्य शाखा प्रमुख– अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिका भित्र कार्यरत चिकित्सक – सदस्य

(ग) नगर प्रहरी प्रमुख – सदस्य सचिव

**५४. उपचार खर्च सम्बन्धी अन्य सुविधा** : नगरपालिकाका अन्य कर्मचारी सरह हुने छ ।

## परिच्छेद ९

## तलब, भत्ता

**५५. तलब भत्ता :** (१)नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलव र राशन भत्ता नगरकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) रासन सुविधा डिउटीमा खटिएको दिनको मात्र पाइनेछ ।

**५६. तलब वृद्धि :** देहायको अवस्थामा बाहेक प्रत्येक स्थायी नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पूरा गरेपछि एक ग्रेड वृद्धि पाउनेछ ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम

(ग) तलब वृद्धि रोक्का

(घ) कार्यालयमा गैर–हाजिर रहेको

**५७. अन्य प्रोत्साहन :** नगरकार्यपालिकाले तोकेबमोजिम अन्य प्रोत्साहन भत्ता पाउने छ।

**५८. विमा सुविधा :** नगरपालिकाका अन्य कर्मचारी सरह हुने छ ।

**५९. सामाजिक सुरक्षा कोष:** नगर प्रहरी कर्मचारीलाई प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षा कोषको सुविधा उपलब्ध हुनेछ

## परिच्छेद ११

## तालिम

**६०. तालिमको व्यवस्था:** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन आवश्यकतानुसार तालिमहरु दिनुपर्नेछ ।

**६१. तालिमको अनिवार्यता :** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको

नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा घटुवा गर्न वा सेवाबाट हटाउन सकिनेछ ।

६२. **तालिमको पाठ्यक्रम :** तालिमहरुको पाठ्यक्रम नगर कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

६३. **तालिम सफल भएमा :** देहायका तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु करारमा नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार सेवामा नियुक्तिको लागि योग्य हुनेछन ।

## परिच्छेद १२

## पोशाक र दर्ज्यानी चिन्ह

**६४. प्रारम्भिक पोशाक :** (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक नगरपालिकाले दिनेछ ।

**६५. नगर प्रहरी पोशाक र दर्ज्यानी चिन्ह :** नगर प्रहरीको पोशाकको र र किसिम, दर्ज्यानी चिन्ह र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**६६. प्रारम्भिक पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**६७. जाडो मौसमका लागि दिइने पोशाक :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ । हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलव्ध गराईने छ ।

**६८. सेरोमोनियल पोशाक :** अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकको लागि नगरकार्यपालिकाले तोकेबमोजिमको रकम उपलब्ध गराईनेछ ।

**६९. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा:** नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट बमोजिम सिलाई ज्याला दिइनेछ ।

**७०. नगर प्रहरीको पोशाक सट्टा भर्नाः** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरेको प्रतिवेदन तथा प्रशासन शाखाको राय बमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

## परिच्छेद १३

## विविध

**७१. विभागीय आदेश र निर्देशन :** (१) ऐनको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

(२) विपदको अवस्थामा बाहेक अन्य अवस्थामा प्रशासन शाखा प्रमुखको आदेशमा मात्र नगर प्रहरी परिचालन गर्नु पर्नेछ । अन्य शाखालाई नगर प्रहरीको सहयोग आवश्यक परेमा प्रशासन शाखा मार्फत प्रहरी परिचालन गर्नु पर्नेछ ।

**७२. पुरस्कार :** नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन नगर प्रहरी प्रमुखले सिफारिस गर्न सक्नेछ ।

**७३. चाडपर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

**७४. अन्य सुविधा तथा व्यवस्था :** (१) नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) हाल करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भाग लिन उमेरको हद लाग्ने छैन ।

**७५. सवारी साधन :** नगर प्रहरी कर्मचारीह का लागि नगरपालिकाले आवश्यकता बमोजिम उपयुक्त सवारी साधन उपलब्ध गराउन सक्ने छ ।

**७६. अनुसूचीमा हेरफेरः** यस ऐनको अनुसूचीमा कुनै संशोधन गर्नु परेमा नगरकार्यपालिकाले गर्नेछ ।

**७७. बाधा अड्काउ फुकाउः** धुलिखेल नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा अन्य प्रचलित कर्मचारी सम्बन्धी कानुन बमोजिम हुनेछ ।

अनुसुची १

दफा

सपथ ग्रहण

म..................... धुलिखेल नगरपालिका र नगरवासिप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु, नगरपालिका र नगरवासिको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहदै ....................................पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, मुलुक र जनताको सोझो चिताई कसैको डर नमानी पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीका साथ गर्नेछु ।

नाम:.....................

मिति:...........................

सही: .....................

आज्ञाले
तारानाथ लुईटेल
प्रमुख प्रशासकीय अधिकृत